वर्ष वा सो भन्दा बढी सेवा अवधी पुरा गरेका कर्मचारीहरुलाई एक पटकका लागि समायोजन हुनु भन्दा पहि सम्बन्धित पद देखि नै जेष्ठता कायम हुने गरी अख्तियारवालाले एक तह स्तर वृद्धि गरि दिनेछ।

(२) ऐनको दफा ८ को उपदफा २२ बमोजिम यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तह लोक सेवा आयोगबाट २०७६ सालमा सिफारिस भई स्थानीय तहमा नियुक्त भएका अधिकृत छैठौं तह कर्मचारीहरुलाई नियुक्ति मिति देखि लागू हुने गरी सातैं तहमा कायम गरिएको यसै कार्यविधि बमोजिम भए मानिनेछ।

(३) उपदफा २ बमोजिम तह मिलान भएका कर्मचारीहरुको नियुक्ति मिति देखि नै सातौं तहमा तह मिलान भएको निजहरुको कार्यसम्पादन मूल्यांकनमा छैठौ तह भएता पनि स्वतः सातौं तहको भएको मान्यता प्राप्त हुनेछ।

(४) ऐसको दफा ८ को उपदफा २३ बमोजिम यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि साविक स्थानी निकायको स्वीकृत दरबन्दिमा पाँचौ तहमा स्थायी नियुक्ती पाई दस वा सोभन्दा बढी सेवा अवधि पुरा गरी छै तहमा स्तरवृद्धि भई कार्यरत रहेको र सातौं तहका लागि आवश्यक शैक्षिक योग्यता पुगेका कर्मचारीहरुलाई सा तह कायम गरिदिने छ।

**१३. सेवा/समूह/उप-समूह तथा पदनाम सम्बन्धी व्यवस्था:**

(१) ऐसको दफा ३ को उपदफा १ बमोजिमका सेवाहरु रहेनछन्।

(२) स्थानीय सेवाका सम्बन्धित सेवामा रहने समूह र उपसमूह ऐनको दफा ४ को उपदफा ७ बमोजिम तपसिल पदनाम हुनेछ।

**तपसिल:**

| तह | पद |
|---|---|
| अधिकृतस्तर बाह्रौं | प्रदेश सचिव |
| अधिकृतस्तर एघारौं | निर्देशक |
| अधिकृतस्तर दशौं | उपनिर्देशक / बरिष्ठ उपसचिव |
| अधिकृतस्तर नवौं | उपसचिव |
| अधिकृतस्तर आठौं | वरिष्ठ शाखा अधिकृत |
| अधिकृतस्तर सातौं | शाखा अधिकृत |
| अधिकृतस्तर छैठौं | अधिकृत |
| सहायकस्तर पाँचौं | प्रशासन सहायक |
| सहायकस्तर चौथौं | खरिदार |

अनुसूची – १

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

सूचना प्रकाशन

# हनुमाननगर कंकालिनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

हनुमाननगर, सप्तरी

मधेश प्रदेश, नेपाल

प. सं.:-

च. नं.:-

मितिः-

विषय:- तह/स्तर वृद्धि सम्बन्धि सूचना।

मधेश प्रदेश लोकसेवा आयोग,जनकपुरधाम,धनुषाको परामर्श सम्बन्धमा तहा कार्यालयको च.न. ......... मिति २०...../...../....... गतेको प्राप्त पत्रानुसार मधेश प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) एन,२०८१ को दफा ४ को उपदफा (६) र दफा २९ को उपदफा १ र २ बमोजिम स्थानीय सेवाको पदमा कार्यरत कर्मचारीहरुको तह/स्तर वृद्धि गर्ने कानुनी व्यवस्था बमोजिम यस कार्यालयमा कार्यरत योग्यता पुरागरेका कर्मचारीहरुले तपसिल बमोजिम कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र कार्यालयको प्रशासन शाखामा निवेदन पेश गर्नुहुन कार्यालयको मिति २०...../...../....... को निर्णयानुसार सम्बन्धित सबै कर्मचारीहरुको जानकारीको लागि सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

- रितपुर्वकको निबेदन - १ थान
- शुरु नियुक्ति पत्र - १ थान
- समायोजन पत्र (कर्मचारी समायोजन एन २०७५ बमोजिम समायोजन भएका कर्मचारीहरुको लागि) - १ थान
- बढुवा/तहमिलान/तह वृद्धि भएको भएमा सो पत्रको प्रतिलिपि - १ थान
- आवश्यक न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि - १ थान

..............................

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:-**

श्री मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय,जनकपुरधाम,धनुषा।

श्री प्रदेश लोकसेवा आयोग ,मधेश प्रदेश,जनकपुरधाम।

श्री सूचना प्रविधि शाखा,हनुमाननगर कंकालिनी नगरपालिका,सप्तरी (वेवसाईटमा प्रकाशन गर्नुहुन)।

हनुमाननगर कंकालिनी नगरपालिकाको कर्मचारी तह/स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८२

